**आकाशवाणी समाचार- नेपाली**

मितिः ३० मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री र भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले आज **नमो ऐप** को माध्यमबाट **'मेरा बूथ सबसे मजबूत संवाद'** कार्यक्रम अन्तर्गत असम र पुद्दुचेरीका पार्टी कार्यकर्ताहरुलाई संबोधन गर्नुहुनेछ।

- प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता नरेन्द्र मोदीले पश्चिम एसिया संकटको बीचमा द्वन्द्व क्षेत्रमा फसेका भारतीयहरूको सुरक्षालाई केन्द्र सरकारले प्राथमिकता दिएको बताउनुभयो।

- लोकसभामा आज **दिवाला तथा शोधन अक्षमता संहिता (संशोधन) विधेयक 2025** माथि चर्चा हुनेछ|

- सूडानको कोरदोफान प्रांतमा पांच बालबालिका र दुइ महिलाहरु समेत 14 मानिसहरुको मृत्यु भएको छ।

- आईपीएल क्रिकेटमा, हिजो राति मुम्बईको वानखेडे स्टेडियममा खेलिएको दोस्रो खेलमा मुम्बई इन्डियन्सले कोलकाता नाइट राइडर्सलाई छ विकेटले पराजित गऱ्यो।

**पीएम-मेरा बूथ सबसे मजबूत**

प्रधानमंत्री र भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले आज **नमो ऐप** को माध्यमबाट **'मेरा बूथ सबसे मजबूत संवाद'** कार्यक्रम अन्तर्गत असम र पुद्दुचेरीका पार्टी कार्यकर्ताहरुलाई संबोधन गर्नुहुनेछ। एक सामाजिक संजाल पोस्टमा श्री मोदीले भन्नु भयो - पछिल्लो एक दशकमा असमको प्रगति सबैको अगाडि छ र राज्य विभिन्न क्षेत्रहरुमा विकासको उल्लेखनीय उपलब्धिहरुको लागि परिचित छ। उहाँले भन्नु भयो - विकास कार्यहरुको कारण मानिस , डबल इंजन भएको एनडीए सरकारको अघिल्लो पांच वर्षहरुका लागि सम्पूर्ण रुपले तयार छ ।

एक अन्य पोस्टमा श्री मोदीले भन्नु भयो -डबल इंजन भएको एनडीए सरकारले पछिल्लो पांच वर्षहरुमा पुद्दुचेरी का मानिसहरुको आकांक्षाहरुलाई पूरा गरेको छ। उहाँले पुद्दुचेरीका पार्टी कार्यकर्ताहरुको साथ संवादलाई लिएर उत्साह पनि व्यक्त गर्नुभयो।

**पीएम वेस्ट एसिया**

प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम एसिया संकटको बीचमा द्वन्द्व क्षेत्रमा फसेका भारतीयहरूको सुरक्षालाई केन्द्र सरकारले प्राथमिकता दिएको बताउनुभयो। केरलमको पलक्कडमा एक चुनावी सभालाई सम्बोधन गर्नुहुँदै श्री मोदीले पश्चिम एसियामा द्वन्द्वप्रति सरकारको दृष्टिकोणको रूपरेखा प्रस्तुत गर्नुभयो। उहाँले भन्नुभयो- सरकार देशमा द्वन्द्वको प्रभावलाई कम गर्न सक्रिय रूपमा काम गरिरहेको छ। प्रधानमन्त्रीले भन्नुभयो-उहाँ भारतीयहरूको सुरक्षा सुनिश्चित गर्न द्वन्द्व प्रभावित देशका नेताहरूसँग निरन्तर सम्पर्कमा हुनुहुन्छ।श्री मोदीले भन्नुभयो- भारतीय दूतावासहरू प्रभावित क्षेत्रका मानिसहरूलाई सहयोग गर्न चौबीसै घण्टा काम गरिरहेका छन्।श्री मोदीले यस संवेदनशील मुद्दालाई राजनीतिकरण गरेको र भड्काउने बयान दिएकोमा कांग्रेस पार्टीको आलोचना पनि गर्नुभयो।

**गोयल मत्स्यपालन - WTO**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारतको खाद्य सुरक्षा र दिगो जीविकोपार्जन सुनिश्चित गर्न मत्स्यपालन क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा जोड दिनुभएको छ। यस क्षेत्रले ९० लाखभन्दा बढी माछा मार्ने परिवारहरूलाई सहयोग गर्दछ, मुख्यतया साना स्तरका र परम्परागत माछा मार्नेहरूप्रति सहयोग पुर्याउने छ|क्यामरुनमा विश्व व्यापार संगठनको १४ औं मन्त्रीस्तरीय सम्मेलनमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै श्री गोयलले माछा पालनमा भारतको सन्तुलित र जनकेन्द्रित दृष्टिकोण प्रस्तुत गर्नुभयो। विश्व व्यापार संगठनको १४ औं मन्त्रीस्तरीय सम्मेलन २६ मार्चमा सुरु भएर हिजो सम्पन्न भयो।

**संसद**

लोकसभामा आज **दिवाला तथा शोधन अक्षमता संहिता (संशोधन) विधेयक 2025** माथि चर्चा हुनेछ|यस विधेयकको उद्देश्य **दिवाला तथा शोधन अक्षमता संहिता विधेयक 2016** मा संशोधन गर्नु हो|यसको लक्ष्य कंपनिहरू र व्यक्तिहरूबीच प्रक्रियात्मक विलंब र व्याख्या संबंधी मुद्धालाई समाधान गर्नु हो। सदनमा देशको वामपंथी उग्रवादलाई मुक्त गर्ने प्रयासहरूमा पनि चर्चा हुनेछ।

राज्यसभामा केंद्रीय सशस्त्र पुलिस बल (सामान्य प्रशासन) विधेयक, 2026 माथि चर्चा साथै त्यसलाई पारित गर्ने कार्यक्रम रहेको छ। यस विधेयकको उद्देश्य केंद्रीय सशस्त्र पुलिस बलहरूमा समूह ए जनरल ड्यूटी अधिकारिहरू र अन्य अधिकारिहरूको भर्ती र सेवा शर्तहरू नियंत्रित गर्ने खालका सामान्य नियमहरूलाई विनियमित गर्नु हो। विधेयकमा प्रावधान रहेको छ -महानिरीक्षक रैंकका कुल पदहरू मध्ये 50 प्रतिशत, अतिरिक्त महानिदेशक रैंकको पदहरूबाट कम्तीमा पनि ६७ प्रतिशत र विशेष महानिदेशक अनि महानिदेशक रैंकका सबै पद प्रतिनियुक्तिमाथि भारतीय पुलिस सेवाका अधिकारिहरू द्वारा भरिनेछ।

**निर्वाचन क्षेत्र वट्टियुरकावु (केरलम)**

केरलमको विधानसभा चुनाव 9 अप्रैलमा हुनेछ । निर्वाचन क्षेत्रको जानकारी दिने हाम्रो विशेष श्रृंखलामा , आज हामी तिरुवनंतपुरम जिल्लाको वट्टियुरकावु विधानसभा सीट बारेमा जानकारी दिइरहेका छौ ।

**Byte**

**मुख्य न्यायाधीश**

मुख्य न्यायाधीश न्यायमूर्ति सूर्यकांतले हिजो लद्दाखको कारगिल स्थित नयाँ जिल्ला न्यायालय परिसरको उद्घाटन गर्नुभयो। खराब मौसमको कारण परिसरको उद्घाटन लेहबाट वर्चुअल माध्यमबाट गरियो।यस अवसरमा न्यायमूर्ति सूर्यकांतले भन्नुभयो दूरस्थ क्षेत्रमा आधुनिक न्यायिक संरचनाको स्थापनाले भौगोलिक चुनौतिहरूबीच पनि न्याय प्रणाली सुचारू रूपले कार्य गर्दछ।उद्घाटन समारोहमा लद्दाखका उपराज्यपाल विनय कुमार सक्सेना, जम्मू-कश्मीर तथा लद्दाख उच्च न्यायालयका मुख्य न्यायाधीश अरुण पल्ली साथै अन्य वरिष्ठ अधिकारी उपस्थित रहेका थियो।

**मट्टितेल सूचना**

सरकारले २१ राज्य र केन्द्र शासित प्रदेशहरूमा सार्वजनिक वितरण प्रणाली अन्तर्गत उच्च गुणस्तरको मट्टितेल वितरण गर्न अनुमति दिने राजपत्र अधिसूचना जारी गरेको छ। विश्वव्यापी रूपमा ऊर्जा आपूर्तिलाई असर गर्ने भूराजनीतिक परिस्थितिलाई ध्यानमा राख्दै यो निर्णय गरिएको हो। यसको उद्देश्य सामान्य परिस्थितिमा मट्टितेलको प्रयोग बन्द गरिएका क्षेत्रहरूमा खाना पकाउने आवश्यकताहरू पूरा गर्नु हो। यस सूचना अनुसार, प्रति जिल्ला सार्वजनिक क्षेत्रको तेल कम्पनीहरूको स्वामित्वमा रहेको अधिकतम दुई इन्धन स्टेशनहरूले ५,हजार लिटरसम्म मट्टितेल भण्डारण गर्न सक्छन्। यो अधिसूचना तुरुन्तै लागू हुने र ६० दिन वा अर्को आदेश नभएसम्म मान्य रहनेछ।

**सूडान-हिंसा**

सूडानको कोरदोफान प्रांतमा पांच बालबालिका र दुइ महिलाहरु समेत 14 मानिसहरुको मृत्यु भएको छ । युद्धको अनुगमन गर्ने सुडान डक्टर्स नेटवर्कले अर्धसैनिक बलको र् यापिड सपोर्ट फोर्स र उनीहरूका सहयोगी विद्रोहीहरूको आक्रमणमा

सात बालबालिकासहित कम्तीमा २३ जना घाइते भएको जनाएको छ।यो हिंसा यस्तो समयमा भएको हो जब रैपिड सपोर्ट फोर्सेजका लड़ाकुहरु र सूडान पीपुल्स लिबरेशन मूवमेंट-नॉर्थ का उनीहरुको सहयोगिहरुले शनिवार प्रांतीय राजधानी डिलिंगमा हमला गरेका थिए।

यद्धपि सुडानी सेनाले उक्त आक्रमणलाई विफल पारेको छ ।उनीहरुले बताए कि सेनाले भर्खरै शहरमा द्रुत समर्थन बलको लामो घेरा तोडेको छ।दुइ बर्षभन्दा अधिक समय सम्म चलेको घेराबंदीको अवधि शहरमा अनीकाल जस्तो स्थिति बनी रहेको छ। सूडान डॉक्टर्स नेटवर्कले दारफुरको अल फाशेर जस्ता भयावह स्थितिको चेतावनी दिएको छ।

**पुद्दुचेरी चुनाव प्रचार**

पुद्दुचेरीमा आगामी विधानसभा चुनावलाई मद्देनजर गर्दै चुनाव प्रचार तेज भएको छ। प्रमुख राजनीतिक दलहरूका नेता विभिन्न निर्वाचन क्षेत्रहरूमा मतदाताहरूको मन लोभ्याउनामा जुटेका छन्।

**सामाजिक न्याय - बैठक**

सामाजिक न्याय तथा अधिकारिता मंत्री डा. वीरेंद्र कुमारले नयाँ दिल्लीमा नशामुक्ति र पुनर्वास सम्बन्धि राष्ट्रीय परामर्श समितिको 5औं बैठकको अध्यक्षता गर्नुभयो।यस अवधि उहाँले समितिका सबै सदस्यहरूसित नशामुक्त भारतको लक्ष्य प्राप्तिको लागि नियमित रूपमा आफ्नो विचार, सुझाव र प्रतिक्रिया साझा गर्नको लागि आग्रह गर्नुभयो।

**आईपीएल**

आईपीएल क्रिकेटमा, हिजो राति मुम्बईको वानखेडे स्टेडियममा खेलिएको दोस्रो खेलमा मुम्बई इन्डियन्सले कोलकाता नाइट राइडर्सलाई छ विकेटले पराजित गर्‍यो। पहिले ब्याटिङ गर्दै कोलकाता नाइट राइडर्सले कप्तान अजिंक्य रहाणेको ६७ र अंगकृष रघुवंशीको ५१ रनको मद्दतले २२० रनको विशाल स्कोर तयार पारेको थियो। जवाफमा, मुम्बई इन्डियन्सले रोहित शर्माको ७८ र रायन रिकेलटनको ८१ रनको मद्दतले १९.१ ओभरमा चार विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो। मुम्बई इन्डियन्सका बलर शार्दुल ठाकुर तीन विकेट लिएका कारण म्यान अफ द म्याच घोषित भए। दुई महिना लामो प्रतियोगिता ३१ मेसम्म जारी रहनेछ। आज राजस्थान रोयल्स र चेन्नई सुपर किंग्स आमनेसामने हुनेछन्। खेल साँझ ७:३० बजे गुवाहाटीको बरसापारा क्रिकेट स्टेडियममा सुरु हुनेछ।